# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ९ २०८० जेठ ३१ बुधबार




सम्पादकीय

## भूमे पर्वको शुभकामना

भूमे गाउँपालिकासहित रुकुम (पूर्व) र रोल्पाका गाउँबस्तीमा यतिबेला भूमे पर्वको रौनक छाएको छ। प्राकृतिक विपत्तिबाट बच्न भूमि (प्रकृति)को पूजा गरेर मनाइने भूमे पूजा (बल पूजा) मगर समुदायको विशेष पर्व हो। भूमे पर्वले मगर समुदायको परम्परागत कला संस्कृति गीत नृत्यको संरक्षण गर्न र पुर्खाहरुले गर्दै आएको परम्परालाई निरन्तरता दिन महत्वपूर्ण भूमिका खेल्दै आएको छ। यस अवसरमा समस्त मगर समुदाय लगायत सबैमा भूमे साप्ताहिक परिवारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं।

मगर समुदायको संस्कृति र परम्परामा विशिष्ट महत्व राख्ने भूमे पर्वका ऐतिहासिक पक्षलाई जोगाउँदै भावी पुस्तासम्म हस्तान्तरण गर्न स्थानीय सरकारले सहयोगी भूमिका खेल्दै आएको छ। गाउँपालिका स्थापनासँगै २०७५ सालदेखि स्थानीय सरकारले भूमे साँस्कृतिक महोत्सवको शुरुवात गरी साँस्कृतिक झाँकी, बाजागाजा प्रदर्शनी तथा ऐतिहासिक नृत्य गीतको प्रतियोगिता शुरु गरेको थियो। यस वर्ष पनि भूमे गाउँपालिकाले भूमे, नचारु, मयुर, पैसेरु (डिग्रे), फाँक, झोरेल्नी र सिङ्गारु गरी ७ विधाका नाच र एक लस्के गीतमा खुला प्रतिस्पर्धाको आह्वान गरेको छ। यसरी हरेक वर्ष परम्परागत कला संस्कृतिमा आधारित गीत नृत्यहरुको प्रतियोगिताले नयाँ पुस्तालाई सिक्ने अवसरका साथै संस्कृति संरक्षण र पुस्तान्तरणमा सहज बनेको छ।

भूमे पर्वको अवसरमा भूमे गाउँपालिकाले हरेक वर्ष गुरिल्ला म्याराथन प्रतियोगिता पनि गर्दै आएको छ। जनयुद्धकालमा छापामार (गुरिल्ला)हरु हिडेको बाटोलाई म्याराथन रुट बनाएर गरिएको प्रतियोगिताले युद्ध पर्यटनको प्रवर्द्धन तथा यस क्षेत्रका प्राकृतिक पर्यटकीय स्थलहरुका बारेमा प्रसार प्रसारमा टेवा पुग्नेछ। भूमे साँस्कृतिक महोत्सव तथा म्याराथनको आयोजनाले कला संस्कृतिको संरक्षण, रुकुम (पूर्व) आसपासका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार र मगर समुदायको ऐतिहासिक परम्पराको पनि उजागर गर्न विशेष भूमिका खेलेको छ। भूमे पर्वलाई सरकारी तहबाटै विविध कार्यक्रम गरी मनाउने भूमे गाउँपालिकाको कार्य प्रशंसनीय छ।


प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# भूमे पर्वको रौनकले छायो रुकुम (पूर्व)



❖ सर्जना कार्की

रुकुम (पूर्व) मा भूमे पर्वको रौनक सुरु भएको छ। प्राकृतिक विपत्तिबाट बच्ने विश्वासका साथ प्रकृतिको पूजा गरी मनाइने यो पर्व मगर समुदायको महत्त्वपूर्ण पर्व हो। भूमे पर्व (बल पूजा)को उपलक्ष्यमा भूमे गाउँपालिकाले जेठ ३२ गते पालिकाभरि सार्वजनिक बिदा दिएको छ। यो बिदा स्थानीय तह स्थापना भएदेखि नै गाउँपालिकाले दिँदै आएको छ। असार १ गते भने लुम्बिनी प्रदेश सरकारले नै रुकुम (पूर्व) र रोल्पामा सार्वजनिक बिदा दिँदै आएको छ।

जेठ मसान्तको अघिल्लो दिनमा पुजारीसहित फूल टिप्न आफूलाई पायक पर्ने लेकमा जाने गर्दछन्। रातभरि नाच्दै, गाउँदै रमाइलो गर्दै आधा बाटोमा गएर बास बस्ने र भोलिपल्ट अर्थात् जेठको अन्तिम दिन बिहानै लेकमा पुगी फूल टिपेर ल्याउने चलन छ। पुजारी र दमाहाका साथ फूल लिन जाने चलनलाई "मुरुला" लिन जाने भनिन्छ। जेठको अन्तिम दिन बिहानै लेकमा भूमि देवतालाई धारधूप गरेर फूल टिप्न आरम्भ गरेसँगै भूमे पर्व सुरु भएको बुझिने भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ बताउनु हुन्छ। उहाँका अनुसार अर्नीपानी सगुन बोकेर लेक जानेले ल्याएको रङ्गीबिरङ्गी फूल सबैलाई शिरमा लगाइदिएर अग्रजको आशीर्वाद थाप्ने गरिन्छ।

अध्यक्ष श्रेष्ठ भन्नुहुन्छ, "फूल लेकाली देवताको सगुनका रूपमा टिप्ने र ग्रहण गर्ने गरिन्छ।



पुजारी गाउँलेले खटाएको हुन्छ। पुजारीले लेकमा धजा, धारधूप तथा अक्षतासहित भूमि देवतासँग गाउँमा राम्रो होस् भनी वाचा कबुल गरेर लेकबाट नै शिरमा रङ्गीबिरङ्गी फूल तथा मगर पोसाकमा लहरै लागेर नाच्दै गाउँ झर्छन्। पुजारीले पशुको बलि दिँदा गाउँमा महिलाले ध्वाँसो, खरानी, दसैंमा ढोकामा राखिएको टीका-जमराजस्ता घर लिपपोत गरेर निस्किएको फोहरलाई घर बाहिर फाल्दछन्। त्यसैलाई नै बल हाल्ने भन्ने गरिन्छ। बल हाल्दा वर्षभरिको ग्रहदशा र विपत्ति भूमेले लैजाने जनविश्वास रहिआएको छ।"

पर्वमा पूजासँगै २२ चालमा नाच नाच्ने गरिन्छ। स्थानीय भाषामा यस पर्वलाई नोगोबाङ्गे' पनि भनिन्छ। आफू बसेको ठाउँको भूमि र भूमि देवताको पूजा गरेर मातृभूमिप्रति श्रद्धा र आदर प्रकट गर्नका लागि यो पर्व मनाइने गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले बताउनु भयो। यो पर्व मनाएपछि दैवी विपत्तिबाट जोगिने जनविश्वास छ। विगतमा मगरले मात्रै मनाउने यो पर्वमा अहिले अन्य जाति पनि रमाउन थालेको श्रेष्ठले बताउनु भयो।

मगर राज्य रहेको समयमा वर्षभरिको नियम, कानुन बनाउने तथा त्यसका लागि प्रतिनिधि चयन गर्ने दिनका रूपमा समेत यो पर्वलाई लिने गरिन्छ। सोही पर्वमा जनताको सङ्ख्याको लगत राख्नेजस्ता कामसमेत गरिन्थ्यो। मगर बहुल क्षेत्रमा विशेष पर्वका रूपमा मनाइने यस पर्व रुकुम पूर्वको भूमे गाउँपालिकामा विशेष तरिकाले मनाइन्छ। पुथाउत्तरगङ्गा र सिस्ने गाउँपालिकाको विभिन्न क्षेत्रमा पनि यो पर्व मनाइने गरेको पाइन्छ।

## भूमे पर्वको इतिहास

मगर संस्कृति अध्येता तिलक रोका मगरका अनुसार परापूर्वकालमा एक मगर बाहुल्यता भएको गाउँमा अल्पसङ्ख्यक रूपमा भाँडाकुँडा बनाउनलाई सिर्पाली विक, कपडा सिलाउने र बाजागाजा बजाउने दमाई (परियार)को मिश्रित बसाइँ रहेको थियो। खोलाको पानी लिन गाउँबाट केही माथि ठुला-ठुला पहराहरू काटेर जानु पर्दथ्यो। खोलामा पानी भर्न जाने क्रममा कुनै जोग पारेर मान्छे हराइरहेका हुन्थे। यसरी पानी भर्न जाने मान्छे हराउँदै जाँदा गाउँ नै भावविह्वल

भयो। यसरी गाउँ नै शोकमा डुबेपछि गाउँका मुखियाले गाउँभेला बोलाई मान्छे हराएको पत्ता लगाउन गाउँका सबैलाई खटाउँछन्। पाँच/छ जनाको टोली बनाएर पानी भर्न लगाउँदा फर्कने क्रममा पछिल्लो पानी भरुवालाई पहराको मुनिबाट निस्केको सर्पले खाएको अन्य मान्छेले देख्छन्।

यसरी सर्पले खाएको थाहा पाएपछि गाउँलेहरु भेला भई कसरी सर्पलाई तह लगाउन सकिन्छ भनेर छलफल गर्छन्। सिर्पाली विकले म त्यो सर्पलाई आफ्नो काबुमा ल्याउन सक्छु भनेर भन्छ। त्यसका लागि एक धार्नी फलामको सनासो तयार पारिन्छ र फेरि पानी भर्न मान्छे पठाइन्छ। सर्पले मान्छेलाई खान निस्केको बेला सनासोले सर्पको घाँटीमा अँठ्याउँछ र सिर्पालीले सोध्छ, "तँ को होस्? तैंले किन मानव क्षति गरिरहेका छस्?" सर्पले सिर्पालीलाई आग्रह गर्छ "मलाई नमार मनुखे, म भूमि देवता जेठको मसान्तको दिन दूधमात्र खाएर असार १ गते मलाई एक हाँसे भेडा लिएर पूजा गर्नु मैले मानव क्षति पनि गर्दिनँ र बाढीपहिरो पनि रोक्छु।" सर्पले यसो भनेपछि त्यही वर्षबाट पूजा गरियो। त्यसपछि कुनै मानवीय क्षति भएन र बाढीपहिरो पनि गएन। त्यसैले भूमि देवतामाथि विजय प्राप्त गरेको उपलक्ष्यमा भूमे पूजा, भूमे नाच सुरु भएको इतिहास छ।

## ठाउँअनुसार भूमे पर्वको नामकरण

अध्येता रोका मगरका अनुसार भूमे पर्वलाई रोल्पाको थबाङ, रुकुम (पूर्व)को क्याङसी, महतमा झ्यामकरी र भलक, काँक्री, लुकुमतिर नोगोवाङ र भूमे तथा तकसेरातिर भुल्कूँ पनि भनिन्छ।

## भूमेको औपचारिक फुकुवा

भूमेको औपचारिक फुकुवा गाउँअनुसार फरक हुने भएकाले एकरूपता भने छैन। तर जसले जति गते भूमे पर्व फुकाए पनि जेठ महिनामै फुकाउँछन्। कुनै गाउँमा वैशाखे पूर्णिमामा कुनै ठाउँमा जेठको १ गते, कुनै गाउँमा जेठ १५ गते फुकाउँछन्। भूमे पर्व फुकाउँदा गाउँका मुखिया प्रधानपञ्च कहाँ गएर जोडाधजा, धार्नी रक्सीले ढोग गरी अनुमति मागेपश्चात् दमाई कहाँ गएर बाजागाजा फुकाउने चलन रहेको छ।

## फूल टिप्न जाने

भूमे नाच फुकाउनु अगाडि युवायुवतीको एक भूमे नाच समूह बन्छ। जसको नाम ठाउँअनुसार फरक हुन्छ। कुनै ठाउँमा नोगोवाङ, कुनै गाउँमा भल्क



पसिने समूह। त्यही समूह जेठ मसान्तको अघिल्लो दिन रोटी, रक्सी लिएर दिउँसो ४/५ बजेतिर लेक चढ्छन्। नाच्दै गाउँदै लेक चढेको समूहले डाँडाकाँडा भरिभराउ बनाएको हुन्छ। डाँडामा युवायुवतीको लस्कर मौसमअनुसार बसाइँ सर्ने मालचरीको समूहझैं नाच्दै लाग्छ। उकाली काटेपछि ४/५ घण्टामा लेकको नजिक पुग्छन् र त्यहीं बास बसी रातभरि भूमे नाच, झाम्रे गीत गाएर बिहानको ३ बजाउँछन्। ३ बजेतिर पुजारी उठेर

लेकमा पूजा गर्न गएपश्चात् बल्ल फूल टिप्न जाने समूह त्यहाँबाट उकाली चढ्छन्।

पूजा गर्नुको अर्थ फूल टिप्न जाने समूहले जान वा अन्जानले जुठो पिटो भएमा माफी दिनु, फूल टिप्न आउने समूहलाई भिरबाट जोगाइदिनु, ढुङ्गामुढाबाट जोगाइदिनु, बुकी लाग्नबाट जोगाइदिनु भनेर पन्थ्यौली र लेकका सिद्ध देवतालाई पुकारेपछि फूल टिप्न जाने समूह भिररपाखामा छरिएर फूल टिप्न लाग्छन्। फूल टिपेर एक मुर्ला लिएर आफ्नो पन्थ्यौलीमा मुर्ला गाडेर आ-आफ्नो पन्थ्यौली घुमाई नाचेपछि नोगोवाङे समूह महिलाको पछ्यौरी जोडेर लामो बनाई घरतिर बाटो लाग्छन्।



मगर संस्कृति अध्येता रोकामगरका अनुसार नाच्दै गाउँ आउने क्रममा एक जलाकी (भन्ज्याङमा ढुङ्गा थुपारेर बनाइएको पूजा गर्ने ठाउँ) भेटिन्छ, त्यहाँ एक मुर्ला गाडेर नयाँ फूल टिप्न गएको व्यक्तिलाई उक्त जलाकी बोकेर घुमाउँछन्। बुढापाकाका अनुसार बोकेर घुमाएपछि बोकी माग्नेलाई शुभ हुन्छ भनेर एक दुई पैसा पन्थ्यौली अथवा जलाकीमा चढाउँछन्। केही तल आएपछि युवतीहरू बुकीबाट टिपेर लिएको केही फूललाई माला बनाएर पुरुषको समूहलाई लगाइदिन्छन्। गाउँको नजिक आउँदा फूल माग्नेहरूको लस्कर हुन्छ। उनीहरू रक्सी र रोटी लिएर भोकाएर आएका फूल टिप्न जाने समूहलाई स्वागत गर्छन्। बुकीबाट फूल टिपेर आउने समूहले फूल माग्नेलाई फूल दिएर सम्मान गर्छन् भने फूल शिरमा समेत लगाइलिन्छन्। थर्की (नाच्ने थला) पुगेपछि सबैलाई शिरमा फूल लगाएर सम्मान गर्छन्। केही चाला नाचेपश्चात् फेरि गाउँ घुमेर नाची थर्कीमा आएर त्यस दिन अन्त्य गर्छन्।

**असार १ गते**

असारको १ गते भूमे नाच्ने समूह थर्कीमा आएर नाच्दै गर्दा गाउँ नजिकको थानमा पूजा सुरु हुन्छ र सबै भूमे नाच्ने समूह नाच बन्द गरेर पूजा गर्ने ठाउँमा जान्छन्। जब सिर्पाली विकले साँढे मन्छाउँछ। मान्दा बित्तिकै पाती र फूलले हान्छन् र साँढे गाउँको बाटो हुँदै लैजाने क्रममा गाउँका धुइसो, कुलपूजा बेला ढोकामा लगाएको टीका, आफ्नो पितृलाई चढाएको मकै, नाङ्लोभरि बनाएर तयारी अवस्थामा बसेका गृहिणीहरूले बलि दिन लागेको साँढेलाई हान्छन्। जसको अर्थ घरको कालकष्ट रुघामुघा सन्चो होस् भन्ने हो। यसरी साँढेलाई बलि दिने ठाउँमा लखेट्दै पु-याउँछन् र बलि दिन्छन्।

भूमि देवतालाई कुनै गाउँमा बोका, कुनै गाउँमा सुँगुर, कुनै गाउँमा भाले बलि दिन्छन्। कुनै गाउँमा जेठ मसान्त र कुनै गाउँमा असार १ गते बलि दिने चलन छ। यसरी लगातार एक हप्तासम्म भूमे नाच नाचिन्छ।

# रुकुम (पूर्व) मा चौथो भूमे साँस्कृतिक महोत्सव



❖ जयमान बुढामगर

परम्परागत संस्कृतिसँग सम्बन्धित नाच एवम् गीत जगेर्नाका लागि भूमे गाउँपालिकामा चौथो भूमे वृहत् सांस्कृतिक महोत्सवको आयोजना गरिएको छ। भूमे गाउँपालिकाले २०७५ सालदेखि लगातार पुराना नाच एवम् गीत जगेर्नाका लागि खुला सांस्कृतिक महोत्सव आयोजना गर्दै आएको हो।

२०७८ सालमा मात्र कोरोनाका कारणले महोत्सव रोकिएको थियो। मगर समुदायको ठुलो पर्व भूमे अर्थात् बल पूजाका अवसरमा भूमे गाउँपालिका-२ खाबाङ बगरमा प्रतियोगिता गराउने तयारी सुरु भएको छ। असार २ गतेदेखि विभिन्न विधाका नाच एवम् गीतमा प्रतिस्पर्धा गराइने गाउँपालिकाले जनाएको छ। भूमे गाउँपालिकाको आयोजनामा प्रतियोगिता हुन लागेको हो। भूमे, नचारु, मयुर, पैसेरु (डिग्रे), फाँक, झोरेल्नी, सिङगारु गरी ७ विधाका नाच र एक लस्के गीतमा खुला प्रतिस्पर्धा गराइने आयोजकले बताएको छ।

भूमेका ९ वटै वडा र छिमेकी गाउँपालिका तथा जिल्लामा नाचिने नाच तथा गाइने गीतलाई आधार मानेर ७ वटा नाच र एक लस्के गीत गरी ८ वटा विधामा प्रतिस्पर्धा गराइने गाउँपालिकाका

अध्यक्ष होमप्रकाश श्रेष्ठले जानकारी दिनुभयो। यसअघि तेस्रो महोत्सवसम्ममा ६ वटा विधाको मात्र प्रतियोगिता आयोजना गरिएकोमा यस वर्ष सिङ्गारु नाच र लस्के गीत थप गरिएको अध्यक्ष श्रेष्ठले बताउनु भयो।



स्थानीय पुराना नाच तथा गीत अहिले लोप हुँदै गइरहेको हुँदा विशेषगरी परम्परागत रूपमा नाचिँदै तथा गाइँदै आइएका नाच एवम् गीतको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिता राखे गरिएको गाउँपालिका अध्यक्ष श्रेष्ठको भनाई छ। पर्यटन विकासमा परम्परागत कला, संस्कृतिको महत्त्वपूर्ण भूमिका हुने भएकाले त्यसको संरक्षण र प्रवर्द्धन स्थानीय सरकारको प्राथमिकतामा परेको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

पुराना नाच तथा गीत जगेर्नाका लागि हरेक वर्ष वृहत् भूमे सांस्कृतिक महोत्सव आयोजना गरी उत्कृष्ट समूहलाई पुरस्कृत गर्ने अघिल्लो जनप्रतिनिधिले बनाउनु भएको नीति अनुसार महोत्सवलाई निरन्तरता दिइएको अध्यक्ष श्रेष्ठले बताउनु भयो।

प्रतियोगितामा भूमे नाचमा प्रथम हुने समूहले नगद एक लाख पुरस्कार पाउने छन्। दोस्रोले ७५ हजार, तेस्रोले ५० हजार र सान्त्वना समूहले २० हजार नगद पुरस्कार प्राप्त गर्ने छन्।

नचारु नाचमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने समूहलाई क्रमशः ७५, ५०, ३० र १५ हजार नगद पुरस्कार दिइनेछ। यसैगरी मयूर नाचमा प्रथम आउने समूहले ५०, दोस्रोले ३०, तेस्रोले २० र सान्त्वना हुने समूहले १० हजार नगद पाउने छन्। यस्तै पैसेरु, फाँक, झोरेल्नी, सिङ्गारु र लस्केमा प्रथम आउने समूहले ३०, दोस्रोले २०, तेस्रोले १० र सान्त्वना हुने समूहले ५ हजार नगद पुरस्कार पाउने छन्।

परम्परागत संस्कृति लोप हुँदै गएपछि त्यसको संरक्षणका लागि सरकार आफैं लागेको स्थानीय अमरलाल रोका मगरले बताउनु भयो। उहाँले भन्नुभयो, "परम्परा र संस्कृति संरक्षणका लागि वार्षिक कार्यक्रम बनाएरै गाउँपालिकाले जगेर्नाको काम गरिरहेको छ। हरेक वर्ष प्रतियोगिता गर्दा विभिन्न ठाउँका नाच/गीत एक ठाउँका मान्छेले अर्को ठाउँका नाच/गीत सिक्न र जान्न पाएका छौं।" प्रतियोगिता मौलिक र मौलिक भेषभूषामा प्रस्तुतीकरण हुनुपर्ने आयोजनाले जनाएको छ।

# पाँचौं पटक हुँदैछ भूमेमा गुरिल्ला अल्ट्रा म्याराथन




*गुरिल्ला ट्रेलमा म्याराथनका लागि तयार युवाहरु । फाइल फोटो*

❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिकाले ५२ किमि लामो गुरिल्ला अल्ट्रा म्याराथन प्रतियोगिता २०८० सञ्चालन गर्न लागेको छ। पर्यटन प्रवर्धन गर्ने उद्देश्यसहित जनयुद्धकालमा छापामारहरु हिडेको रुकुम (पूर्व) र रोल्पाको रुटमा गुरिल्ला म्याराथन प्रतियोगिता सञ्चालन गर्न लागिएको हो।

२०७५ सालबाट रुकुम (पूर्व)मा म्याराथन प्रतियोगिता सञ्चालन हुँदै आएको छ। कोभिडको कारण एक वर्ष प्रतियोगिता सञ्चालन हुन सकेन। यस वर्ष हुन लागेको गुरिल्ला म्याराथन पाँचौ पटक हो। रुकुम (पूर्व)को महत गाउँबाट सुरु हुने अल्ट्रा म्याराथन नैमाकिङ-लाबाङ-हुलबाङ-थोरबाङ हुँदै रोल्पाको बार्गिल- घामचिन- चिङ्बाङ- धङनेई- जलजला- चालाबाङ- थबाङ- जुरबाङ-पोरपोछेरा हुँदै रुकुम (पूर्व)को मारिङ- खाबाङ तिला- खाबाङ गाउँ भएर खाबाङ बगरमा आई टुङ्गिने प्रतियोगिताका संयोजक सुनिल रोका मगरले बताउनु भयो।


उहाँका अनुसार प्रतियोगितामा महिला र पुरुषको पुरस्कार राशी समान रहेको छ। प्रथम स्थान हासिल गर्नेले ५० हजार, द्वितीय हुनेले ३० हजार, तृतीय हुनेले १५ हजार र चौथो हुनेले ८ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन्। यसैगरी क्रमशः पाँचौंदेखि दशौं स्थानसम्म रहने सबैले पाँच/पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। साथमा मेडल र ट्रफी पाउने छन्।

त्यस्तै, १० किमिको रमाइलो दौड (फन रन) प्रतियोगिता पनि सञ्चालन हुने संयोजक रोकाले बताउनु भयो। यो प्रतियोगिता महतबाट सुरु भई स्यबांगपो- सानो लेक- कोइचा- खाबाङटिला- मारिङ- खालपाटे हुँदै खाबाङ बगरमा आई समाप्त हुने छ। यस प्रतियोगितामा पनि महिला पुरुषको पुरस्कार राशी बराबर छ।

जसमा प्रथम स्थान हासिल गर्नेले १० हजार, द्वितीय स्थान हासिल गर्नेले ७ हजार पाँच सय, तृतीय स्थान हासिल गर्नेले पाँच हजार र सान्त्वना स्थान हासिल गर्नेले २ हजार पाँच सय रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। पाँचौंदेखि दशौं स्थानसम्म हुनेले एक/एक हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

तत्कालीन माओवादीले २०५२ सालदेखि सुरू






गरेको १० वर्षे जनयुद्धमा छापामार (गुरिल्ला) हिडेका रोल्पा-रूकुमको गोरेटोलाई पछ्याउँदै २०७५ देखि गुरिल्ला अल्ट्रा म्याराथन प्रतियोगिता सञ्चालन हुँदै आएको छ।

जनयुद्धकालमा माओवादीको आधार क्षेत्रमा पर्यटन विकास तथा प्रवर्धनका लागि वर्षेनी म्याराथनको आयोजना गरेको भूमे गाउँपालिकाले बताएको छ।

माओवादी जनयुद्धकालको इतिहासलाई स्मरण गर्न र प्रत्यक्ष र अप्रत्यक्ष भोगाइबाट पाठ सिक्नुपर्ने भन्दै यो प्रतियोगितालाई विसुद्ध साहसिक रूपले हेरिदिन गाउँपालिकाले आग्रह गरेको छ। रूकुम (पूर्व)मा प्रत्येक वर्ष आयोजना हुने गुरिल्ला अल्ट्रा म्याराथन प्रतियोगिताको भूमे गाउँपालिकाले प्रवर्धन गर्दै आएको छ।

म्याराथन खेलले यो क्षेत्रलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धनमा ठुलो सहयोग पुगेको छ। स्थानीय संस्कृति, जनजीवन, भूगोलका साथै युद्ध पर्यटनलाई विकास र विस्तार गर्दै तत्कालीन जनयुद्धको ऐतिहासिक पक्षलाई प्रचार-प्रसार गर्न र जिल्लाको पर्यटन प्रवद्र्धन गर्ने लक्ष्य अनुरुप प्रतियोगिता आयोजना गरिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो।

भूमे गाउँपालिकाको आयोजनामा हुने म्याराथनको दर्ता शुल्क पाँच सय रूपैयाँ राखिएको छ। प्रतियोगितामा सहभागी हुन दर्ता खुला गरिसकिएको खेल संयोजक सुनिल रोका मगरले जानकारी दिनुभयो। उहाँका अनुसार असार १ गते साँझ ६ बजेसम्म दर्ता खुला रहनेछ। प्रतियोगिता असार २ गते बिहान ७ बजे सुरु हुने छ।

# भूमेकी चेली गिभिनालाई जन्मभूमिमा स्वागत

❖ बालाराम शेर्पाली




सामाजिक अभियन्ता गिभिना मगरलाई भूमे गाउँपालिकामा स्वागत सम्मान गरिएको छ। सामाजिक सञ्जाल टिकटक, फेसबुक, युट्युवका चर्चित सामाजिक अभियन्ता गिभिनालाई उहाँकै जन्मभूमि भूमे गाउँपालिकामा स्वागत गरिएको हो। भूमे गाउँपालिकाको कार्यालय खाबाङ बगरमा बिहीबार एक कार्यक्रमको आयोजना गरी गिभिनालाई स्वागत गरिएको थियो।

आफूलाई सामाजिक अभियन्ताको रुपमा जन्मभूमिमा सम्मान पाउँदा निकै भावुक बनेको अभियन्ता गिभिना मगरले बताउनु भयो। "जन्मभूमिमा स्थानीय सरकारले मलाई यसरी सम्मान गर्दा म निकै भावुक भएकी छु", गिभिनाले भन्नुभयो, "मैले दुःखी, गरिब, असक्त वृद्ध बाआमाहरु, बेसहारा बालबालिकाहरुलाई सहयोग गर्दा यसरी सम्मान पाउँछु भनेर गरेको होइन।"

सबैभन्दा ठूलो धर्म मानव सेवा भएको भन्दै गिभिनाले भन्नुभयो, "मानिसलाई जुनसुकै बेला जस्तोसुकै अप्ठ्यारो पर्न सक्छ। म सँग धन भएर होइन, मन भएर भोको पेट भएका, विभिन्न रोगले च्यापेका र आर्थिक अवस्था कमजोर भएका, अपाङ्गता भएका बृद्ध बाआमाहरुको छोरी बनेर अनि अनाथ, बेसहारा बालबालिकाहरुको आमा बनेर माया दिने, सहयोग गर्ने, अप्ठ्यारोमा परेकालाई उद्दार गर्ने काम गरिरहेको छु। मैले यो कामलाई मेरो कर्तव्यको रुपमा लिएको छु।"

कसैको आँखामा आँसु बगेको देख्न नसक्ने भन्दै गिभिनाले दुःखमा परेकालाई सहयोग गर्ने आफ्नो लक्ष्य भएकाले दुःखमा परेका बालबालिका भए आफू सहयोग गर्न सधैं तयार रहेको बताउनु भयो।

कार्यक्रममा भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले सामाजिक अभियन्ता गिभिना मगरलाई भूमेकी चेली भनेर चिनाउन पाउँदा आफूलाई गौरवान्वित महसुस भएको बताउनु भयो। "सामाजिक अभियन्ता गिभिनालाई आज गाउँपालिकामा स्वागत सम्मान गर्न पाउँदा निकै खुसी लागेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "भूमेकी चेलीले कलिलो उमेरमै आफू जलेर समाजको लागि योगदान गरिरहनुभएको छ। दीनदुःखीहरुलाई सेवा, अनाथ बेसहारा

बालबालिकाको आमा बनेर माया दिइरहनुभएको छ। साँच्चिकै धर्म भनेकै यहीं रहेछ। मैले गिभिनालाई भूमेकी चेली हुन् भनेर चिनाउन पाउँदा भूमेकै शिर उच्च भएको छ।” अध्यक्ष श्रेष्ठले भन्नुभयो, ‘मानव सेवामा समर्पित गिभिनाले भर्खरै भन्नुभयो म कसैको आँखामा आँसु बगेको देख्न सक्दैन भनेर। उहाँको यहीं सहयोगी भावनाले समाजसेवामा अगाडि बढ्न प्रेरित गरिरहेको छ। समाजसेवामा अघि बढेका उहाँका पाइला अझैं अघि बढिरहून्, हाम्रो तर्फबाट शुभकामना दिन चाहन्छु।”

कार्यक्रममा बोल्दै भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढाले गिभिना मगर समुदायकी साहसी र सहयोगी महिला भएको बताउनु भयो। “तपाईं भूमेकी चेली मात्रै होइन, हाम्रो पहिचान पनि




हुनुहुन्छ। तपाईं मगराँत समुदायकी साहसी महिला हुनुहुन्छ”, उपाध्यक्ष बुढाले भन्नुभयो, “तपाईंको समाजसेवाको यात्रा निरन्तर चलिरहोस्। हाम्रो तर्फबाट हुने सहयोग, सद्भाव तपाईंप्रति भइरहनेछ।”

कार्यक्रममा सामाजिक अभियन्ता गिभिना मगरलाई गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठ, उपाध्यक्ष सबिना बुढा, पालिकाका प्रमुख प्रशासकीय प्रमुख चन्द्र सिंह श्रेष्ठ, ९ वटै वडाका वडा अध्यक्षहरुले खाँदा र माला लगाएर सम्मान गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन गाउँपालिकाका कर्मचारी चन्द्र रसाइलीले गर्नुभएको थियो।

सामाजिक सञ्जाल टिकटकमा सक्रिय गिभिनाले दुःख, अभाव र पीडामा रहेकालाई सहयोग गर्ने, सडक मानवहरुको उद्धार, बिरामी, असक्त र अपाङ्गता भएका वृद्ध बाआमा तथा बेसहारा, अनाथ बालबालिकालाई हुर्काउने काम गर्दै आएकी छिन्। सडक मानवलाई उद्धार गरी उपचारका साथै सामाजिक सञ्जालमार्फत् आफन्तहरुसम्म पुनर्मिलन गराउने कार्य गरिरहेकी छिन्।

**विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान**

यसैबीच समाजसेवी गिभिना मगरले सहिद शुक्र माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गर्नुभएको थियो। बालविकासदेखि कक्षा १० सम्मका सबै विद्यार्थीलाई उहाँले शैक्षिक सामग्री वितरण गर्नुभएको थियो। सो अवसरमा उहाँलाई विद्यालयले स्वागत तथा सम्मान पनि गरेको थियो।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष जोगबहादुर पुनको अध्यक्षतामा भएको सहयोग हस्तान्तरण तथा सम्मान कार्यक्रममा विद्यालयका प्रअ अनिल आचार्यले गिभिनालाई अबिर, माला लगाएर सम्मान गर्नुभएको थियो। प्रअ आचार्यले गिभिनालाई आफ्नो विद्यालयमा आई विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो। कार्यक्रमको सञ्चालन शिक्षक फर्कबहादुर पुनले गर्नुभएको थियो।

# मगर समुदायको पहिचान भूमे पर्व (बल पूजा)

**भूमे पर्वमा मगर समुदायका सबै मानिस तालमा ताल मिलाएर नाच्ने गर्दछन् । वर्षभरि अन्य पहिरन लगाउने मानिसहरूले पनि यो पर्वमा मगर समुदायको पहिचान बोकेको पटुकी, फेटा लगाउने गर्दछन् ।**



**नारायण ओली**

बल पूजा अर्थात् भूमे पूजा मगर समुदायको चर्चित र महत्त्वपूर्ण पर्व हो। जहाँ जेष्ठ मसान्तमा धूमधामसँग सुरु गरेर ७ दिनसम्म मनाइन्छ। भूमे पूजालाई नेपाली भाषीहरूले बल पूजा भन्ने गर्दछन्। खाम भाषा बोलिने क्षेत्रमा यसलाई भूमे पूजा भनिन्छ। भूमे भन्ने शब्द भूमि अर्थात् जमिनबाट अपभ्रंश भएर आएको हो।

भूमि भनेको जमिन, जमिन भनेको प्रकृति हो। यो समुदाय प्रकृति पूजक हो। खाम क्षेत्रका मगर समुदायहरुले देवी देउताको भन्दा धेरै आफ्ना पुर्खा र प्रकृतिको पूजा बढी गर्ने गर्दछन्। यस समुदायमा विशेष महत्त्वका साथ भूमि बराह, सिद्ध बराह, सिमे बराह, पितर पूजा आदि पूजा गर्ने गरिन्छ। हरेक वर्ष वर्षा ऋतु सुरु हुनुभन्दा पहिले हिउँदे बाली भित्र्याएर बर्षे बाली लगाइसकेपछि मनाइने पर्वमा प्रकृतिको पूजा गरिन्छ। वर्षभरि गरेका कामहरुको समीक्षा र थकान मेटाउने उत्सवको रुपमा मनाइन्छ।

बाढी पहिरो, हुरी बतासजस्ता प्राकृतिक प्रकोपबाट बच्न, खेतीपातीको वृद्धि बिकासको कामना गर्न



समुदायले धुमधामका साथ मनाउने गर्छन्। पूर्खाहरुले जंगल खनेर खेतीपाती गर्न थालेपछि यो पर्व मनाउन थालिएको हो।

यस पर्वलाई गाउँ व्यवस्थाको प्रचलन अनुसार वर्षभरिको आय-व्यय प्रस्तुत गरि नयाँ पदाधिकारी छनौट र नयाँ घरधुरी कायमको वैधानिकता दिने विशेष दिनको रुपमा पनि लिइन्छ। भूम्या पूजाको अवसरमा बोका, हाँस, कुखुरा, सुँगुरको बल बनाई तानिन्छ।

अनौठो कुरा के छ भने बर्षभरि भान्साको भारमा जम्मा भएको धैंसोलाई सबै घरका घरमुलीहरुले बल तान्ने मान्छेहरु हिडेको बाटोमा फाल्दै जाने चलन छ। यसो गर्दा अनिकाल र अनिष्ट हुनबाट भूमे देवताले बचाउँछन् भन्ने बिश्वास रहिआएको पाइन्छ। उक्त बललाई खेतबारीको थानमा लगी बलि दिइन्छ। बारीमा दिइएको बलिलाई गाउँमा जति घरधुरी छन् त्यति भाग लगाइन्छ। यदि कोही व्यक्ति (दाजु भाई) अंशबण्डा भई छुट्टिएमा सोही दिन उसको नाममा भाग लाग्छ। बल पूजाको प्रसाद भाग पाएपछि उसले वैधानिक रुपमा छुट्टै घरधुरीको मान्यता पाउँछ।

भूमि माताको भूमे थानमा गएर पूजा गरि करिब १ हप्तासम्म भूमे नाच लगाएर मनाइन्छ। भूमे पूजाको अवसर पारि हरेक गाउँमा साना साना मेला लागाउने गरिन्छ। यस पर्वलाई भूमे मेलाको रुपमा मनाउने चलन पनि छ। हिउँदे बाली भित्र्याइसकेपछि पूजा प्रारम्भ हुने हुँदा यसलाई अन्न जोगाउन पूजाको रुपमा प्रकृतिलाई पूजा गर्ने चलन छ। खेतीपाती गर्दा कीरा-फट्यांग्रा मरेका हुन्छन्। खेतीयोग्य जमिनको नाश भएको हुन्छ। हल बल्ल (गोरु)लाई दुःख दिइएको हुन्छ। बल्लोको काँधमा घाउ हुन सक्छ। सबै कर्मबाट भएका गल्तीप्रति क्षमा माग्दै खेतीपाती राम्रो होस् भन्ने कामना गरिन्छ। बर्षे बालीनालीमा कीरा फटयांग्रा नलागून्, बाढी-पहिरोले नोक्सान नपुऱ्याओस् भनेर भूमि, वन-जंगल, सूर्य, चन्द्रको पूजा गर्ने चलन छ।

असार १ गतेबाट सुरु हुने भूमे पर्व विगतका दिनहरूमा पहाडी जिल्ला विशेष गरि रुकुम, रोल्पा र बाग्लुङमा एक महिनासम्म मनाउने चलन थियो। अहिले बिस्तारै मनाउने दिन घट्दै गएको छ। पूर्खाहरुले मनाउँदै आएको पर्व मगर

भूमे पर्वको अवसर पारेर एक वर्ष पुराना परम्परागत गाउँले समितिहरुलाई भंग गरि पुनर्गठन गरिन्छ। जस्तै खरदरी समिति, वन समिति आदिका पदाधिकारीहरु चयन गरि बैधानिक दिने प्रचलन छ। जस्तै मुख्या, बैदार, तहबिल, कटुवाल र मिजार एक वर्षका लागि



मिलाउनु पर्छ। नाच्दानाच्दै खाम भाषामा दोहोरी सुरु हुन्छ। दोहोरीबाट सुख दुःख र माया प्रेमका सौगात पस्किने गरिन्छ। कसैले गत वर्ष भेटेका दिनहरु सम्झना गर्छन्, कसैले वर्षभरि भोगेका दुःख सुखका कुरा निकाल्छन् भने कसैले प्रकृति, अन्न-पानी र बिपतका कुरा गर्दछन्।

मनोनयन गर्दै हरेक वर्ष खरदरी लगायत अन्य समितिहरुको विघटन र पुनर्गठन गर्ने गरिन्छ।

भूमे पर्वमा मगर समुदायका सबै मानिस तालमा ताल मिलाएर नाच्ने गर्दछन्। वर्षभरि अन्य पहिरन लगाउने मानिसहरूले पनि यो पर्वमा मगर समुदायको पहिचान बोकेको पटुकी, फेटा लगाउने गर्दछन्। मगर समुदायका महिला, पुरूष तथा बालबालिकाहरुले आफ्नो परम्परागत भेषभूषामा सजिन्छन्। महिलाहरु लुङ्गी, चोली, गादा, धरो, पछ्यौरी, खुडाप र व्हाफा तथा गरगहनाहरु मारुली, तिलहरी, बुँलाकी, खोकड, नागी, मुन्द्री, फुली, टिकुली र चुरापोतेमा सजिन्छन् भने पुरुषहरु भाँग्रा, चौबन्दी, पगरी, छड्के र पटुका तथा गहनाहरु विरजुली, मुन्द्रा र टोपीमा चिटिक्क सजिएका हुन्छन्। युवाहरुले त झन खुट्टाका पाउमा पुरानो लोक बाजा पैजन लगाएर छङ छङ ताल दिदै नाचिन्छ।

मगर समुदायका युवायुवतीदेखि वृद्धवृद्धासम्म एउटै थलोमा लहर मिलाएर एकै साथ नाचिन्छ। नाचका क्रममा २२ ताल मिलाउनु पर्ने नियम लागू हुन्छ। जसमा हात, खुट्टा र कम्मरले ताल

महिलाहरुले दुई दिन लगाएर जलजलाको बुकी फूल टिपेर पुरुषलाई सिउरि दिने चलन छ। पुरुषहरुले भने वनका प्याज लिएर चौरमा छिल्ने र त्यही नाचगान गर्ने चलन छ। खाम भाषामा वन प्याजलाई 'नो' भनिन्छ। त्यसैले खाम भाषामा 'नोको बाङे नाच' पनि भनिन्छ। भूमे नाचमा विभिन्न गीतका भाका र संगीतका ताल (ढोलक, टेम्के, पैसरी, दमाहा, सनाई, झ्याली)को माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ। परापूर्वकालदेखि नै बाजागाजा बजाउने दमाई जातिले नै बाजा बजाउनु पर्ने हुन्छ। असार १ गते बल तानेर भूमे थानमा बलि चढाएपछि मात्र भूमे नाचलाई समापन गरिन्छ। अन्तिममा फुकाउने वा दान झार्ने चलन हुन्छ। जसमा बाजा बजाउनेहरुलाई नाच्नेहरुले दक्षिणा दिएपछि भूमे नाच समापन हुन्छ। भूमे नाच्ने युवाहरुले गलामा चाँदीका सिक्काले बनेका माला, पोते, तिलहरी र मगर पोशाकमा सजिएर कम्मरमा खुकुरी, दहीमा मुछेको सेतो टीका र सेतो पगरीमा लगाएका हुन्छन्। महिला र पुरुष दुवै मिलेर नाचगान गरी बडो रोचकतापूर्वक पर्व मनाउने चलन छ।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको न्यूनतम सेवा मापदण्डमा सेवा प्रवाहको अवस्था मूल्याङ्कनमा देशकै सर्वोत्कृष्ट अस्पताल कुन बनेको छ ?**

≅ भक्तपुर अस्पताल

**६. अति नै मनोरम धार्मिक तथा पर्यटकीय स्थल खप्तडमा आध्यात्मिक सम्मेलनको आयोजनाका लागि तय गरिएको समय कुन हो ?**

≅ विसं २०८० जेठ २३-२५

**७. स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिको नयाँ कार्यकाल कहिलेदेखि सुरु भएको हो ?**

≅ विसं २०७९ जेठ ६

**८. विश्व बैङ्कको क्षेत्रीय कार्यालय श्रीलङ्काबाट कहाँ सारिएको छ ?**

≅ नेपाल (सन् २०२२ जुन १ देखि नेपालमा सारिएको हो। यही कार्यालयबाट नेपाल, श्रीलङ्का र माल्दिभ्सको कार्य सञ्चालन हुने छ।)

**९. प्रस्तावित मेरापिक राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्दछ ?**

≅ सोलुखुम्बु (प्रस्तावित क्षेत्र जैविक विविधता, पर्यापर्यटन र संस्कृतिका हिसाबले धनी रहेको छ। मेरापिक हिमाल रहेको यो क्षेत्र पर्वतारोहणका लागिसमेत प्रसिद्ध रहेको छ।)

**१०. विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल दोहोऱ्याएर आरोहण गर्न सफल विश्वकै एक मात्र आरोही को हुनुहुन्छ ?**

≅ सानु शेर्पा (उहाँले सन् २०२२ जुलाई २१ मा पाकिस्तानको गसेर्वरुम-२ आरोहण गरेसँगै यो कीर्तिमान कायम गर्नुभएको हो। उहाँले सन् २००७ देखि आरोहण सुरु गर्नुभएको थियो।)

**११. दस घण्टामा विश्वको सर्वोच्च शिखर सगरमाथा र ल्होत्से हिमालको आरोहण गर्ने विश्वकै कान्छो आरोहीका रूपमा विश्व कीर्तिमान कायम गर्न सफल आरोही को हुनुहुन्छ ?**

≅ **निमा रिन्जी शेर्पा (१७ वर्ष)** निमा सन् २०२३ मे २५ (जेठ ११) का दिन बिहान २:३० बजे ८,८४८.८६ मिटर उचाइको सगरमाथाको शिखर पुग्नुभएको थियो। त्यसपछि ८,५१६ मिटर उचाइको ल्होत्सेतर्फ उहाँ लाग्नुभएको थियो। यही दिन ११:५० बजे हिमालको चुचुरोमा पुगेर सो कीर्तिमान उहाँले कायम गर्नुभएको थियो। उहाँले यसअघि १६ वर्षको उमेरमा नै पर्वतारोहणमा विश्व कीर्तिमान बनाउनु भएको थियो। सन् २०२२ सेप्टेम्बर ३० मा उहाँले विश्वको आठौं अग्लो हिमाल मनास्लु (८,१६३ मि) आरोहण गरी सो हिमाल आरोहण गर्ने सबैभन्दा कान्छा (१६ वर्ष पाँच महिना १२ दिन) आरोहीको रेकर्ड राख्नुभएको थियो।

**१२. आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत सरकारले प्रशासनिक खर्च घटाउने भन्दै सङ्घीय सरकार मातहतका कति निकाय खारेज गर्ने जनाएको छ ?**

≅ २०

**१३. नेपाल दुःखी देशहरूको सूचीमा कति औं स्थानमा रहेको छ ?**

≅ ६३ औं (प्राप्त गरेको अङ्क : ३७.१८)

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*




# खुला प्रतियोगिता-२०८०


| प्रतियोगिताहरु | पुरस्कार राशी (२५ प्रतिशत करकट्टी सहित) | | | |
|---|---|---|---|---|
| | प्रथम | दोस्रो | तेस्रो | सान्त्वना |
| भूमे नाच | १,००,०००/- | ७५,०००/- | ५०,०००/- | २०,०००/- |
| ढोंगे/नचारु | ७५,०००/- | ५०,०००/- | ३०,०००/- | १५,०००/- |
| मयुर नाच | ५०,०००/- | ३०,०००/- | २०,०००/- | १०,०००/- |
| डिग्रे/पैसेरु नाच | ३०,०००/- | २०,०००/- | १०,०००/- | ५,०००/- |
| फाँक नाच | ३०,०००/- | २०,०००/- | १०,०००/- | ५,०००/- |
| झोरेल्नी नाच | ३०,०००/- | २०,०००/- | १०,०००/- | ५,०००/- |
| लस्के गीत | ३०,०००/- | २०,०००/- | १०,०००/- | ५,०००/- |
| सिङ्गारु नाच | ३०,०००/- | २०,०००/- | १०,०००/- | ५,०००/- |

**समूह दर्ता शुल्क : रु.१,०००/-**

**असार २ गते खाबाङबगर जाऔं।**

**भूमे सांस्कृतिक महोत्सवमा सँगसँगै**

**रमौं र रमाऔं।**



**शर्तहरु:**

१) समूह दर्ता मिति २०८० असार १ गतेभित्र गरिसक्नु पर्नेछ। *(दर्ता फोनबाट समेत गर्न सकिनेछ।*

२) उद्घाटन समारोह र गोलाप्रथामा उपस्थित नहुने समूहलाई प्रतियोगितामा सहभागी गराइने छैन।







थप जानकारी, समन्वय तथा समूह दर्ताका लागि सम्पर्क

श्री तिलक रोका मगर [९८२२९३६३९९] | श्री चेतन बुढा मगर [९८४४९२८६९१] श्री चन्द्र रसाइली [९८६४७१०६२९]

**भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व)**

# 5th GUERRILLA ULTRA TRAIL RACE-2023

मिति:२०८०/०३/०२ गते

## 52 km/ 10 km (म्याराथन) प्रतियोगिता

### (पुरस्कार महिला पुरुष समान)

| 52 km (Ultra Race) | 10 Km (fun Race) |
|---|---|
| 1st - Rs. 50,000/- | 1st - Rs. 10,000/ |
| 2nd -Rs. 30,000/- | 2nd - Rs. 75, 00/ |
| 3rd -Rs. 15,000/- | 3rd - Rs. 5,000/- |
| 4th -Rs. 8,000/- | 4th - Rs. 2,500/- |
| 5th -Rs. 5,000/- | 5th - Rs. 1,000/- |
| 6th -Rs. 5,000/- | 6th - Rs. 1,000/- |
| 7th -Rs. 5,000/- | 7th - Rs. 1,000/- |
| 8th -Rs. 5,000/- | 8th - Rs. 1,000/- |
| 9th -Rs. 5,000/- | 9th - Rs. 1,000/- |
| 10th - Rs. 5,000/- | 10th -Rs. 1,000/- |

❖ माथि उल्लेखित सबै पुरस्कार राशीमा नियमानुसार कर कट्टी गरिनेछ।

(दर्ता शुल्क रु ८००/-)

दर्ता गर्ने अन्तिम समय:

२०८० असार १ गते साँझ ६ बजे सम्म ।

स्थान: स्थान- भूमे गाउँपालिका वडा नं.६ महत, रुकुम (पूर्व) ।

खेल समय: विहान ७ बजे (7:00 am On time )

Contact person:

Nishmat Sherpali

9868648186

Shakti Roka

9745915792

नोट: सम्पूर्ण खेलाडीहरुलाई रु १००००/- (एक लाख) सम्मको दुर्घटना विमा उपलब्ध गराईनेछ ।

**52 KM Ultra-Race Route :** Start Form Mahat – Naimakeng –Labang- Hulbang – Thorbang- Bargil – Ghamchin – Chikumbang –Dhangnai-Jaljala-Chalabang – Thabang Gaun-Jurbang –Porpochhera-Maring-Khabang Tila-Khabanggaun- Ending Khabang Bagar

**10 KM Fun Race Route:** Start From Mahat – Sebangpo – Sanoleka- Koicha –Khabang Tila –Maring –Kahabag Gaun-

आयोजक:

भूमे गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व) ,

लुम्बिनी प्रदेश, नेपाल

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सू :- ९४

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०२/२९

भूमे गाउँपालिकाको चालु आ.व २०७९/८०को स्वीकृत संघीय सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) तर्फ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि इच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका संस्था तथा सहकारीहरुले अनुसूची-२ बमोजिम प्रस्तावको ढाँचा तयार गरी आवश्यक विवरण र कागजातहरु सहित मिति २०८०।०३।०३ गतेसम्म भूमे गाउँपालिका महिला, बालबालिका तथा समाज कल्याण इकाईमा प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक विवरण तथा कागजातहरु:**

१) संस्थाको विधान, परिचय, उद्देश्य, कार्यक्रम सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण।

२) प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजना विवरण।

३) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

५) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन।

६) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण।

७) कालो सूचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व:घोषणा।

८) प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्तावना पेश गर्नु पर्नेछ।

**नोट:** प्रस्तावनाको ढाँचा कार्यालयको वेभसाइटमा वा महिला, बालबालिका तथा समाज कल्याण इकाईबाट प्राप्त गर्न सकिनेछ। यसै सूचना साथ संलग्न रहको छ। विस्तृत जानकारीको लागि यस कार्यालयको महिला, बालबालिका तथा समाज कल्याण इकाई वा मो.नं. ९७६२५२७१५२ मा सम्पर्क गर्न हुन अनुरोध छ।

चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. (बिदा)/२०७९/०८०
च.नं.

मितिः २०८०/०२/१९

विषयः **स्थानीय बिदा सम्बन्धी सूचना ।**

स्थानीय बिदा सम्बन्धी प्रस्ताव सम्बन्धमा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संख्या १७/०७९-८० मिति २०८० जेठ १२ को कार्यपालिका बैठकमा पेश हुँदा भूमे पूजाका लगि फूल टिप्ने तथा गाउँ टोल अनुसार फरक फरक दिनमा भूमे पूजा गर्ने प्रचलन भएकाले लुम्बिनी प्रदेशद्वारा मिति २०७९।१२।१७ मा प्रकाशित अतिरिक्ताङ्क ३७ को राजपत्रको सूचना क्र.सं. ७ बमोजिम सम्बत् २०८० साल जेठ ३२ गते बिहीबारका दिन भूमे गाउँपालिका क्षेत्रभर लागू हुने गरी स्थानीय सार्वजनिक बिदा दिने निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।





**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।




**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७




जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**